नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७७।७८
चलानी नम्बर :

मितिः २०७७।०६।०१

## सूचना

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चं.नं. ८५२, मिति २०७७।०५।३१ को पत्रानुसार प्राप्त नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७७।०५।२९ गतेको बैठकको निर्णयहरुको यस जिल्लामा समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनु हुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहाय बमोजिम हुनेगरी मिति २०७७।०६।०१ देखि सञ्चालन गर्ने ।
   क. सिट क्षमताको ५० प्रतिशत यात्रु रहने,
   ख. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जनामात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने,
   ग. सबै यात्रुले मास्क लगाउने,
   घ. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने,
   ङ. चालक तथा सहचालकले मास्क, भाइजर र पञ्जा लगाउने,
   च. सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने,
   छ. यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडादरमा अधिकतम थप ५०प्रतिशतसम्म मात्र भाडा लिन सक्ने,
   ज. सार्वजनिक यातायत सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने र सोही विषय यस जिल्लामा पनि लागू हुने,
   झ. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफा बमोजिम भए/नभएको र स्वास्थ्य तथा सुरक्षा मादण्डको कडाइका साथ पूर्ण पालना भए/नभएको अनुगमन जिल्ला ट्राफिक प्रहरी कार्यालयले गर्ने/गराउने ।

२. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) बाट कोभिड-१९ को सङ्क्रमण जोखिमको विश्लेषणका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा(२) बमोजिम कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सम्बन्धित जिल्लाभर वा जिल्लाको कुनै भागमा मात्र लागू हुने गरी आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले आवश्यक व्यवस्था गर्न सक्ने ।

३. मिति २०७७ असोज १ गतेदेखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेन्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने ।

४. उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षा लगायतका बैकल्पिक सिकाईका माध्यमबाट शिक्षण तथा सिकाई कार्यलाई निरन्तरता दिने ।

५. सबै कार्यालय, निकाय एवं संघसंस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७७।७८
चलानी नम्बर :

मितिः २०७७।०६।०१

६. देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने ।
   क. शैक्षिक संस्थाहरु(विद्यालय, कलेज, टयूसन सेन्टर, तालिम केन्द्र),
   ख. शैक्षिक र अन्य परीक्षा सञ्चालन,
   ग. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
   घ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
   ङ. सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल,
   च. सैलुन, ब्यूटिपार्लर तथा स्पा,
   छ. स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब,
   ज. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति,
   झ. अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,
   ञ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
   ट. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

७. दफा ५ बमोजिमका सेवा र कार्यहरु बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।यसरी मापदण्ड पालना भए/नभएको अनुगमन गर्ने दायित्व सम्बन्धित नियमनकारी निकायको हुने ।

८. यस सूचनामा उल्लेख भएको बाहेक अन्य विषयमा नेपाल सरकारबाट समय-समयमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएका आदेशहरु बमोजिम हुने ।

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्य सरकारी, गैर सरकारी एवं नागरिकस्तर समुदायको साझा प्रयासबाट मात्र सम्भव हुने हुँदा व्यक्तिगतस्तरमा समेत SMS (Social Distance, Mask, Soap/Sanitizer) को पालना गर्नुहुन समेत अनुरोध गरिन्छ ।

२०७७/०६/०१
सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी